*सुनिलस्मृति गाउँपालिका ७ तेबाङमा नागरिक प्रतिवेदन र निर्गम अभिमत संकलनको समयमा लिइएको तस्बिर :*

## ख) सुनिलस्मृति गाउँपालिका वडा नं. ८ अरेश:

| क्र.स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | झगबहादुर आले मगर | लिस्ने आविमा विद्यालय चलाउन राहत दर्वन्दि नदिएको, वडादेखि पालिका जोड्ने सडकका लागि परेको बजेट कार्यान्वयन हुनु पर्ने सुझाव | सुनिलस्मृति गाउँपालिका वडा नं. २ का वडा सदस्य भक्तराम पुन | सुनिलस्मृति गाउँपालिका वडा नं. २ मा खानेपानी र सिँचाइको समस्या भएको स्विकार्दै वडाले पहल र प्रयास गरिरहेको जानकारी । वडाले सडक स्तरोन्नतीका लागि सबै निकायहरुसंग पहल गरिरहेको । | |
| २. | पुर्णबहादुर पुन मगर | खानेपानीको चिन्ने अफलेमा समस्या, बाटो समयमा सफा नगरेको, वडा कार्यालय जिर्ण भएकाले नया निमार्ण गर्नु पर्ने, | सुनिलस्मृति गाउँपालिका वडा नं. ८ का वडा सदस्य धनराज रोका | वडा भरिका विभिन्न स्थानमा खानेपानीको समस्या समाधान गर्नका लागि केहि काम भइ सकेको र केहि काम धमाधम भइरहेकाले केहि समयमा एक घर एक धारा निमार्ण गरि सकिने भनाई, बाटो सफा नगरेको विषयमा गाउँपालिकाले सम्पुर्ण बाटोहरु सफा गरिसके पछि तिहारको समयमा ठुलो पानी परेकाले सबै बाटोहरु विग्रिएकाले क्रमिक रुपमा सबै बाटोहरु सफा गरिरहेको । वडा कार्यालय भवन बनाउनकालागि जग्गाको अभाव रहेकाले पहल गरिरहेको भनाई । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | दिलपुरा घर्ती | बालविवाह, जुवातास मधिरापानको समस्या, विद्यालयमा विद्यार्थि कक्षा कोठामा नबसेर बाहिर बाहिर हिड्ने गरेको, महिलाहरुलाई सिपमुलक तालिम दिनु पर्ने । | गाउँपालिकाका उपाध्यक्ष मीना थापा र नेरामावि अरेशका प्रधानाध्यापक | ग्रामिण क्षेत्रमा ब्याप्त रहेको जाँड, रक्सी जुवातार खेल्ने वालविवाह न्युनिकरणका लागि पालिकाले प्रयास गरिरहेको र त्यसका स्थानीय नागरिकहरुले पनि सहयोग गर्नु पर्ने भनाई । महिलाहरुलाई आत्म निर्भर बनाउनका लागि सिपमुलक तालिमहरु संचालन गरिरहेको र अझै गर्दै जाने उपाध्यक्षको भनाई । नेरामावि अरेशको विद्यालयमा पठन पाठनमा आएको समस्या समाधान गर्नका लागि विद्यार्थी, अभिभावक, शिक्षक सबै लाग्नु पर्ने र आफ्नो तर्फबाट सक्दो गरिरहेको भनाई । | |
| | रसे पुनमगर | तेबाङदेखि वडा कार्यालय जोड्ने खोल्साहरुमा जालिको ब्यवस्था गर्नु पर्ने । | सुनिलस्मृति गाउँपालिका वडा नं. ८ का वडा सदस्य धनराज रोका | तेबाङदेखि वडा कार्यालय जोड्ने खोल्साहरुमा जालिको आवश्यकता भएको भए गाउँपालिकामा माग गर्न आग्रह, आफुले पनि पहल गर्ने वडा अध्यक्षको भनाई । | |
| | रेजिना जोशी | वालविवाह न्युनिकरणका लागि पालिकाले ध्यान नदिएको, चिन्नेमा पानीको समस्या, महिला लक्षित तालिम न्युन वर्गका महिलाहरुमा नपुगेको । | सुनिलस्मृति गाउँपालिका वडा नं. ८ का वडा सदस्य धनराज रोका गाउँपालिकाका उपाध्यक्ष मीना थापा | चिन्नेमा खानेपानीको विषयमा आफु खानेपानी समस्या समाधानका लागि लागिरहेको वडा अध्यक्षको भनाई । बालविवाह न्युनिकरण र महिलाहरुलाई सिपमुलक तालिमका लागि गाउँपालिकाले ध्यान दिइरहेको र आगामि दिनहरुमा पनि यस्ता खालका तालिमको ब्यवस्थापन गरिने उपाध्यक्षको भनाई । | |
| | जितबहादुर पुनमगर | फुलधारमा परेको बजेट कार्यान्वयन हुन नसकेको, बाटो | सुनिलस्मृति गाउँपालिका वडा नं. ८ का | फुलधाराको स्कुलको बजेटका बारेमा आफुलाई कुनै जानकारी नभएको । वडामा | |

लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सहजीकरण रेडियो सभ्यताका पत्रकार गणेश केसीले गर्नुभएको थियो भने सामुदायिक रेडियो मालश्री, रेडियो रोल्पा र रेडियो सभ्यताबाट प्रत्यक्ष प्रशारण समेत गरिएको थियो ।

## ९) कार्यक्रममा सहभागिहरुले राखेका जिज्ञासा र सम्बन्धित सरोकारवालाको जवाफः

**केही महत्वपुर्ण मात्र**

| क्र.स. | प्रश्नकर्ताको नाम | सुझाव प्रश्न तथा गुनासो | गुनासो सम्बोधन गर्ने ब्यक्ति | गुनासो सम्बोधनको किसिम | कैफयत |
|---|---|---|---|---|---|
| १. | जितबहादुर पुन सुनिलस्मृति ८ अरेश फुलधारा रोल्पा | वडामा रहेका स्वास्थ्य चौकीमा कार्यालय सहयोगि नियमित उपस्थित नभएको, शिक्षक कर्मचारीहरु पार्टीको कार्यक्रममा सहभागी भएको गुनासो । | अरेश स्वास्थ्य चौकीका संयोजक सुनिलस्मृति गाउँपालिकाका शिक्षा शाखा संयोजक यादव केसी | अरेश स्वास्थ्य चौकीका कार्यालय सहयोगि नियमित कार्यालयमा नआएको विषय साचो भएको भन्दै कार्यालय सहयोगिलाई नियमितताका लागि आग्रह गरेको र उपस्थित नभएको खण्डमा हाजिर खालि राखेर पठाएको जानकारी । शिक्षक कर्मचारीहरुले राजनीति गर्न नहुने, गरेको प्रमाण भए शाखामा पठाउन आग्रह, आफुले सम्वन्धित निकायमा प्रमाण पठाउने शिक्षा शाखा प्रमुखको भनाई । | |
| २. | झगबहादुर आले मगर/ | प्रधानमन्त्रि स्वरोजगार कार्यक्रममा धेरैले | प्रधान मन्त्रि स्वरोजगार कार्यक्रमका | प्रधानमन्त्रि स्वारोजगार कार्यक्रमका लागि कम पैसा आएकाले फम भर्ने सबैलाई | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सुनिलस्मृति ८ आफले पोखारा, रोल्पा | फारम भर्ने तर थोरैले रोजगार पाउने गरेका छन । रोजगार नपाउने भए फम भर्न किन सबैलाई दु:ख दिएको ? | संयोजक प्रतिभा पौडेल | रोजगार दिन नसकिएको भनाई, फम भरेको आधारमा रोजगार पाउनेहरुको संख्या तोकिने भएकाले पनि जति आउनु हुन्छ सबैको फम भरेको संयोजकको भनाई । | |
| ३. | सृजना पुनमगर/ ८ चिन्ने, रोल्पा | चिन्नेमा खानेपानीको समस्या भएकाले खानेपानीको ब्यवस्थापनका लागि ध्यान दिनु पर्ने | सुनिलस्मृति गाउँपालिकाका वडा नं. ८ का वडा अध्यष धनराज रोका | चिन्ने लगाएत सुनिलस्मृति गाउँपालिका वडा नं. ८ का विभिन्न टोल, बस्ति तथा कलष्टरहरुमा खाने पानीको ब्यवस्थापन गर्न वडा लागि परेको जानकारी, आफु निर्वाचित भएदेखि खानेपानीको क्षेत्रमा काम गरिरहेको जानकारी । | |
| ४. | महेन्द्र पुनमगर/ सुनिलस्मृति ८ फुलधारा, रोल्पा | फुलधाराको विद्यालयको भौतिक अवस्था एकदम कमजोर भएको, चुनावका बेला मात्र जनताको माझमा पुगेको तर जितेपछि जनताकहा नपुगेको, वडा अध्यक्षका बारेमा जनता बेखबर भएको प्रतिकृया । | सुनिलस्मृति गाउँपालिकाका वडा नं. ८ का वडा अध्यष धनराज रोका | आफु चुनाव जिते पछि पनि जनताकै माझमा रहेको, जनताकै समस्या समाधानका लागि लागि परिरहेको जानकारी गराउदै राजनीतिक प्रतिसोधका राखेर आधारहित प्रश्न नगर्न अध्यक्षको आग्रह । | |
| ५. | इश्वर घर्ती/ सुनिलस्मृति ८ आफले पोखरा रोल्पा | सुलिचौर अरेश प्युठान जोड्ने बाटोमा जुतुङखोलाको पुल छिटो बनाउनु पर्ने, शिक्षामा अभिभावकहरुले | सुनिलस्मृति गाउँपालिकाका वडा नं. ८ का वडा अध्यष धनराज रोका<br>शिक्षा शाखा प्रमुख यादव | सुलिचौर अरेश प्युठान जोड्ने बाटोमा जुतुङखोलाको पुल निमार्णका लागि आफुले सम्वन्धित निकायमा पहल गरिरहेको । अनुमति दिएको भन्दा माथिल्लो कक्षा अभिभावकहरुले संचालन गरेकाले अभिभावकहरुमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पैसा उठाउनु पर्ने बाध्यता छ यसमा गाउँपालिकाले हेर्नु पर्ने । बरु विद्यालय मर्ज गर्न सुझाव | केसी | भार परेको, भार कम गर्नका लागि शिक्षा शाखाले काम गरिरहेको भनाई, अभिभावकहरुले अनावश्यक माथिल्लो कक्षा संचालनका लागि अनुमति नमाग्न आग्रह । | |
| ६. | भिमबहादुर घर्ती/ सुनिलस्मृति ८ चिन्ने रोल्पा | अदुवा ढुवानीका लागि गाउँपालिकाले सहयोग गर्न आग्रह | सुनिलस्मृति गाउँपालिकाका वडा नं. ८ का वडा अध्यष धनराज रोका | वडा कार्यालयले अदुवा खेतिका लागि विउ वितरण गरिरहेको र जहिले पनि किसानहरु अनुदानमा मात्र भर नगरेर मेहनत गरि आत्म निर्भर हुन आग्रह । | |

***फाटोमा आर्थिक वर्ष २०८१-०८२ को प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम :***



